खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खत्याड, मुगु

कर्णाली प्रदेश, नेपाल

## कृषि स्नातक प्राविधिक र पशु चिकित्सक करारमा सेवा पदपूर्ति गर्ने सम्वन्धि सुचना
(प्रथम पटक सुचना प्रकाशित मितिः२०७९/०५/०९)

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तब्यको बुदाँ नं २९ मा प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्यक स्थानी तहमा कृषि तथा पशु विज्ञान स्नातक प्राविधिकको लागि बजेट ब्यावस्थापन भएको हुदा करार स्नातक प्राविधिक करार पदपूर्ती गर्नका लागि निम्न बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा तपशिलमा उल्लेखित कागजात सहित दरखास्त पेश गर्नहुन सवैलाई यस सुचना मार्फत जानकारी गराईन्छ ।

तपशिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७९/०८० | कृषि स्नातक प्राविधिक र पशु चिकित्सक | अधिकृत छैटौं | २ (दुई) |

**१.आवश्यक न्युनतम योग्यता र कागजातहरूः**

क) कृषि स्नातक प्राविधिकको लागि कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय तथा शैक्षिक संस्थावाट कृषि विज्ञानमा स्नातक तह उत्तिर्ण गरेको ।

ख) पशुसेवा स्नातक प्राविधिकको लागि पशु विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय तथा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.V.Sc & A .H/B.V.Sc वा सो सरहको स्नातक तह उत्तिर्ण नेपाल चिकित्सा परिषदमा दर्ता गरेको ।

ग) उमेरः कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष सम्म र महिला उमेदारको हकमा ४० वर्ष ननाघेको ।

घ) करार सेवाको लागि कुनै पनी कानुनी अयोग्य नठहरिएको ।

२. दरखास्त दिने स्थानः खत्याड गाउँपालिका, मुगु ।

३. दरखास्त दिने अन्तिम मितिः २०७९/०५/१५ कार्यालय समय भित्र वा सो दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन

४. आवेदन दस्तुरः रु १००० ।-

५. छनोटको किसिमः लिखित तथा अन्तर्वाताको माध्यामबाट ।

६.आवेदन साथ संलग्न कागजातहरुः -नेपाली नागरिकताको प्रमाण पत्रको पतिलिपि १ थान-शैक्षिक योग्यताको प्रमाण पत्र १/१ थान- पासपोर्ट साईजको फोटो २ प्रति - कार्य अनुभव भए स्पष्ट खुल्ने कागजात

७. सेवा सुविधाः स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि-२०७९ बमोजिम ।

८. सम्पादन गर्नुपर्ने कार्यः कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजिकरण गर्ने/गराउने वा कार्यालयले तोके अनुसार ।

९. परिक्षा संचालन हुने मितिः पछी प्रकाशन गरिनेछ ।

(पुनश्चः सम्वन्धित क्षेत्रमा कार्य अनुभव गरेको उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।)

.....................

विष्णु बहादुर रावत

नि.प्रमुख प्रशासकीय अधिकृत